**एशियन हाइड्रोपावर लि.को**

**चौथो वार्षिक साधारण सभाको विवरण (माइन्यूट)**

१. **वैधानिक सभाः**

एशियन हाइड्रोपावर लिमिटेडको मिति २०८० साल जेठ १० गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार प्रचलित कम्पनी कानून तथा कम्पनीको प्रबन्ध-पत्र र नियमावली बमोजिम कम्पनीको चौथो वार्षिक साधारण सभा कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री शम्भु प्रसाद फयालज्यूका अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

२. **सभाका स्थान, मिति र समयः**

२.१ स्थानः द ईन्ट्रान्स क्याफे, ललितपुर ।

२.२ मितिः ***२०८० साल जेठ ३२ गते*** (तदनुसार १५ जुन, २०२३), बिहिबार ।

२.३ समयः दिउँसो ११:०० बजे प्रारम्भ भई दिउँसो १:०० बजे सम्पन्न भयो ।

३. **सभाका सूचना प्रकाशनः**

३.१ साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुन विषयहरू सहितका विवरण खुलाई प्रथम पटक मिति २०८० साल जेठ ११ गते बिहिबार (तदनुसार २५ मे, २०२३) को "आर्थिक अभियान" राष्ट्रिय दैनिक पत्रिकामा तथा दोस्रो पटक २०८० साल जेष्ठ २२ गते सोमबार (तदनुसार ५ जुन, २०२३) को "आर्थिक अभियान" राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी शेयरधनी महानुभावहरूलाई जानकारी गराइएको थियो ।

३.२ सञ्चालक समितिको तर्फबाट अध्यक्षका प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण (सक्षिप्त आर्थिक विवरण) तथा अन्य विवरणहरू प्रत्येक शेयरधनी महानुभावहरूको जानकारीका लागि वेभसाइट मार्फत जानकारी गराउँदै माग गरेबमोजिम ईमेल मार्फत समेत उपलब्ध हुनेगरि पठाइएको थियो ।

४. **सभाका विषय सूचीः**

**क)** **सामान्य प्रस्तावः**

१) आ.व. २०७८/०७९ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२) आ.व. २०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन र अनुसूची सहितको वित्तिय विवरणहरु उपर छलफल गरि सोलाई पारित गर्ने ।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०७९/०८० को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख)** **विशेष प्रस्तावः**

१) कम्पनीको हाल कायम रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन गरी नयाँ ठेगाना कायम गर्न प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

२) कम्पनीको नियमावलीमा संशोधन गर्ने सम्बन्धी थप विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

२.१ कम्पनीको नियमावलीको नियमहरु १७ मा आवश्यक संशोधन गर्ने ।

२.२ कम्पनीको नियमावलीको नियम २७ (२) मा आवश्यक संशोधन गर्ने ।

२.३ कम्पनीको नियमावलीको नियम ३१ मा आवश्यक संशोधन गर्ने ।

ASIAN Hydropower Ltd.

२.४ माथि विशेष प्रस्ताव (१) र (२) को प्रस्तावित संशोधनहरुमा नियमकारी निकायहरुबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जनका लागि निर्देशन वा सुझाव आएमा सोही बमोजिम गर्न गराउन संचालक समितिलाई अख्तियारी दिने ।

**ग)** कम्पनीको संशोधित नियमावली बमोजिम "ख" समूहका सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने १ (एक) जना संचालकको निर्वाचन गर्ने सम्बन्धमा ।

**घ)** विविध ।

५. **उपस्थितिः**

५.१ **सञ्चालकहरू:**

१. श्री शम्भु प्रसाद फयाल (प्रतिनिधी- सि.ई. कन्स्ट्रक्सन प्रा.लि.) अध्यक्ष

२. श्री सुजन घिमिरे (प्रतिनिधी- सि.ई. कन्स्ट्रक्सन प्रा.लि.) संचालक

३. श्री सुष्मा श्रेष्ठ (प्रतिनिधी- ग्रान्डी होल्डीङस् प्रा.लि) संचालक

४. श्री प्रकृति श्रेष्ठ (प्रतिनिधी-उर्जा डेभलपर्स प्रा.लि.) संचालक

५. श्री रवि कृष्ण मुल्मी (प्रतिनिधी-उर्जा डेभलपर्स प्रा.लि.) संचालक

६. श्री राजकुमार लाखे स्वतन्त्र संचालक

७. श्री सुमित्रा श्रेष्ठ कम्पनी सचिव

५.२ **शेयरधनीहरुको उपस्थिति**

| बाँडफाँड भएको कुल शेयर संख्या | कुल शेयर धनी संख्या | स्वयं उपस्थिति शेयरधनी संख्या | प्रतिनिधि पत्रमार्फत उपस्थिति शेयरधनी संख्या | जम्मा उपस्थिति शेयरधनी संख्या | उपस्थिति कुल शेयर संख्या | बाँडफाँड भएको शेयर सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|
| ३४००००० | ७३०७० | २५ | ११ | ३६ | १९४६६९४ | ५७.२५% |

६. **सभाका वैधानिकताः**

६.१. चौथो वार्षिक साधारण सभा शुरू हुनु अघि कम्पनीका कानूनी सल्लाहकारले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई कम्पनीको तर्फबाट स्वागत गर्नु हुँदै कम्पनी ऐन २०६३, कम्पनीको प्रबन्ध-पत्र तथा नियमावली र प्रचलित नेपाल कानून बमोजिम यो चौंथो वार्षिक साधारण सभा बोलाइएको र कम्पनी ऐन २०६३ तथा कम्पनीको नियमावली अनुरूप सभाका लागि आवश्यक गणपुरक संख्या माथि बुँदा नं. ५ मा उल्लेख भएबमोजिम पुगेको कुरा सभालाई जानकारी दिनुभयो ।

६.२. तत्पश्चात निर्धारित विषय-सूचीका क्रमानुसार कानून बमोजिम सभा अगाडि बढयो ।

७. **सभाका अध्यक्षता र सभा सञ्चालनः**

सभाका वैधानिकता पुरा भएपछि सभाका अध्यक्षता गर्नका लागि कम्पनी ऐन २०६३ र कम्पनीको नियमावली बमोजिम कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री शम्भु प्रसाद फयालज्यूलाई यस चौथो वार्षिक साधारण सभाका अध्यक्षता गरिदिन हुन कम्पनी कानूनी सल्लाहकारले आग्रह गर्नुहुँदा अध्यक्षज्यूले सभाका अध्यक्षता गर्नुभयो र अन्य पदाधिकारीहरुलाई आशन ग्रहण गराउनु भयो ।

८. **सभाको संचालन तथा प्रतिवेदन प्रस्तुतिः**

कम्पनीको चौथो वार्षिक साधारण सभा संचालन गर्ने क्रममा अध्यक्षज्युले विषयसुची अनुसार संचालक समितिको आ.वा. २०७८/०७९ को वार्षिक प्रतिवेदन सभामा प्रस्तूत गर्नू भयो ।

८.१ सभाका काम कारवाहीलाइ अगाडि बढाउन क्रममा सञ्चालक समितिका अध्यक्ष श्री शम्भु प्रसाद फयालज्यूले आफ्ना मन्तव्यका मुख्य मुख्य अंश पढेर सुनाउन भयो ।

८.२ अध्यक्षका मन्तव्य प्रस्तुत भएपछि सञ्चालक समितिको वार्षिक प्रतिवेदन, उपर छलफल गरी पारित गर्नका लागि आ-आफ्नो विचार, जिज्ञासा, मन्तव्य, सुझाव तथा प्रश्न राख्न तथा छलफल गर्न इच्छुक शेयरधनी महानुभावहरूलाई सभाका अध्यक्ष श्री शम्भु प्रसाद फयालज्यूले आव्हान गर्नुभयो ।

९. **छलफलमा सहभागी हुनुभएका शेयरधनी महानुभावहरूः**

कम्पनीका अध्यक्षज्यूले पेश गर्नुभएको वार्षिक उपर छलफलका लागि अध्यक्षज्यूले आमन्त्रण गर्नु भएपनि सबै शेयरधनीहरुले धन्यवाद सहित प्रतिवेदन अनुमोदन गर्नुभयो ।

१०. **शेयरधनीहरूबाट व्यक्त गरिएका मन्तव्यका संक्षिप्त विवरणः**

सभामा भौतिक रुपमा उपस्थित हुनु भएको शेयरधनीहरुले ध्वनिमत सहित सहमति जनाउनु भएको थियो भने एकजना सर्वसाधारण शेयरधनी श्री ब्रम्हदेव शाक्यले आफ्नो लिखित पत्र मार्फत शुभकामना सहित प्रगतिको कामना गरि सन्देश दिनु भएको थियो ।

११. **सभाका अध्यक्षज्यूको जवाफः**

सभाका सभाध्यक्षले आर्थिक वर्ष २०७८/०७९ को अध्यक्षको वार्षिक प्रतिवेदन सभाबाट अनुमोदन गरिएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

१२. **प्रस्ताव तथा निर्णयहरुः**

अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतज्युहरुले छलफलमा उठेका केही जिज्ञासाहरुका जवाफ दिने क्रम सकिएपछि छलफलका विषय सूचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नको लागि प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरुमा देहाय अनुसार पारित गर्ने निर्णय भयो ।

**क) सामान्य प्रस्तावहरुको छलफल तथा निर्णयहरुः**

**प्रस्ताव १): आ.व. २०७८/०७९ को साधारण सभामा प्रस्तुत हुने संचालक समितिका अध्यक्षज्यूको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।**

**निर्णयः**

प्रस्ताव नं १ को उपर छलफल गर्दा यस कम्पनीको आगामी वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट प्रस्तुत गर्नका लागि अध्यक्षज्यूबाट तयार गरिएको कम्पनीको वार्षिक प्रतिवेदन बैठकमा पेश गरियो । सो आर्थिक वर्ष २०७८/०७९ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने प्रस्ताव अध्यक्षज्यूबाट प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।

ASIAN Hydropower Ltd.

**प्रस्ताव २): आ.व. २०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन र अनुसूची सहितको वित्तिय विवरणहरु उपर छलफल गरि सोलाई पारित गर्ने सम्बन्धमा।**

**निर्णयः**

यस सभामा प्रस्तुत लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात, विस्तृत नाफानोक्सान हिसाब, नगद प्रवाह विवरण, पूँजीमा भएको परिवर्तन लगायत तत्सम्बन्धी अनुसूचीहरु माथि छलफलगरी स्वीकृत गर्नको लागि राखिएको प्रस्ताव उपर सभामा छलफल भइसकेकोले सोलाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो।

**प्रस्ताव ३): कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०७९/०८० को लागि लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।**

**निर्णयः**

कम्पनी ऐन २०६३ को दफा १११ अनुसार कम्पनीको लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७९/८० को लागि बाह्य लेखापरिक्षकको नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव उपर सभामा छलफल भइसकेको र सभाले कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम कम्पनीको विद्यमान लेखापरीक्षक जी.प्रकाश एण्ड एशोसिएट्स पुनः नियुक्तिको लागि योग्य भएको र आ.व. २०७९/०८० को लेखापरीक्षण गर्न सेवा शुल्क करसहित रू.१,३५,६००/-(अक्षरुपी एक लाख पैंतिस हजार छ सय मात्र) बाह्य भत्ता, स्थानिय सुविधा र यातायात खर्च बाहेक (Excluding of Out-Station Allowances and Transportation expenses) लेखा परीक्षण शुल्क दिने गरि नियुक्त गर्न प्रस्ताव स्वीकृति/अनुमोदनका लागि यस सभा समक्ष पेश गरिएकोमा सो प्रस्ताव सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो।

## ख. विशेष प्रस्तावहरुको छलफल तथा निर्णय

**विशेष प्रस्ताव १): कम्पनीको हाल कायम रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन गरी नयाँ ठेगाना कायम गर्न प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा।**

विशेष प्रस्ताव नं. १ को उपर छलफल गर्दा यस कम्पनीको रजिष्टर्ड कार्यालयको ठेगाना ल.पु.जि. ल.पु.म.न.पा वडा नं. २ रहेकोमा सोलाई परिवर्तन गरी ल.पु.जि.ल.पु.म.न.पा वडा नं. ३ कायम गर्ने निर्णय गर्दै प्रबन्धपत्रको दफा २, तथा नियमावली नियम २ मा निम्न बमोजिमको संशोधन गर्ने निर्णय गरियो।

**प्रबन्ध पत्रको दफा २ को संशोधन**

**कम्पनीको रजिर्ष्टड कार्यालय रहने ठेगानाः** यस कम्पनीको रजिर्ष्टड कार्यालय ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ३ मा रहनेछ।

**नियमावलीको नियम २ को संशोधन**

**कम्पनीको रजिर्ष्टड कार्यालय रहने ठेगानाः** यस कम्पनीको रजिर्ष्टड कार्यालय ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ३ मा रहनेछ।

**विशेष प्रस्ताव २): कम्पनीको नियमावलीमा संशोधन गर्ने सम्बन्धी थप विशेष प्रस्तावपारित गर्ने सम्बन्धमा**

यस कम्पनीको नियमावलीमा केही त्रुटीगत कुराहरु तथा केही शेयरको सार्वजनिक निष्काशन पछि आवश्यक हुन आएका संशोधन गर्न पर्ने निम्नबमोजिम नियमावलीका नियम १७, २७ (२) तथा ३१ संशोधन गर्ने सम्बन्धी विशेष प्रस्तावहरु सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो।

**विशेष प्रस्ताव २.१): कम्पनीको नियमावलीको नियमहरु १७ मा आवश्यक संशोधन गर्ने।**

१७. **शेयरधनी तथा डिबेञ्चरवालाको दर्ता किताबको निरिक्षणः** शेयरधनी वा डिबेञ्चरवालाले कम्पनीको शेयर वा डिबेञ्चर दर्ता किताव निरीक्षण गर्न चाहेमा कम्पनीले निरीक्षण गर्न दिनु पर्नेछ।

तर कम्पनीले आफ्नो सूचना पाटीमा ७ दिन अगावै सूचना टाँस गरी एक वर्षमा पैतालीस दिनमा नबढाई एक पटकमा बढीमा तीस दिनसम्म दर्ता किताबको निरीक्षण बन्द गर्नसक्नेछ।

ASIAN Hydropower Ltd.

**विशेष प्रस्ताव २.२): नियम २७ (२) को संशोधन प्रस्ताव:**

२७. **सञ्चालक समितिको गठन, संख्या र कार्यकाल:**

२) यस कम्पनीमा कम्तीमा १ (एक) जना महिला सहित ५(पाँच) जनाको सञ्चालक समिति हुनेछ, जसमा १ (एक) जना स्वतन्त्र सञ्चालक रहनेछन् र यसभित्र कम्तीमा १ (एक) जना संचालक "ख" समूहका सर्वसाधारण शेयरधनीहरु मध्येबाट नियुक्त हुनेछन् ।

**विशेष प्रस्ताव २.३): नियम ३१ को संशोधन प्रस्ताव:**

३१. **सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउने:** यस कम्पनीको संचालकहरुका नियुक्त गर्दा १ (एक) जना स्वतन्त्र संचालक र कम्तीमा १ (एक) जना महिला सहित बाँकी ४ (चार) जना शेयरधनी संचालक नियुक्त गरिनेछ । यसरी शेयरधनी संचालक नियुक्त गर्दा सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व हुने गरि कम्तीमा १(एक) जना संचालक "ख" समूहको तर्फबाट र बाँकी ३ (तीन) जना "क" समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व हुने गरि नियुक्त हुने आवश्यक व्यवस्था गरिएको छ ।

**प्रबन्धपत्र संधोधन तिनमहल :**

| साविक व्यवस्था र नियम | हाल गर्नुपर्ने संशोधन र नियम | संशोधन गर्नु पर्ने औचित्य र कारण |
|---|---|---|
| २. यस कम्पनीको रजिष्टर्ड कार्यालय ल.पु. जि.ल.पु.म.न.पा वडा नं. २ रहनेछ । | २. यस कम्पनीको रजिष्टर्ड कार्यालय ल.पु. जि.ल.पु.म.न.पा वडा नं. ३ रहनेछ । | कार्यालय सार्नुपर्ने भएकाले |

**नियमावली संशोधनको तिनमहल:**

| साविक व्यवस्था र नियम | हाल गर्नुपर्ने संशोधन र नियम | संशोधन गर्नु पर्ने औचित्य र कारण |
|---|---|---|
| २. यस कम्पनीको रजिष्टर्ड कार्यालय ल.पु. जि.ल.पु.म.न.पा वडा नं. २ रहनेछ । | २. यस कम्पनीको रजिष्टर्ड कार्यालय ल.पु. जि.ल.पु.म.न.पा वडा नं. ३ रहनेछ । | कार्यालय सार्नुपर्ने भएकोले |
| १७. **शेयरधनी तथा डिबेञ्चरवालाको दर्ता कितावको निरीक्षण:** शेयरधनी वा डिबेञ्चरवालाले कम्पनीको शेयर वा डिबेञ्चर दर्ता किताव निरीक्षण गर्न चाहेमा कम्पनीले निरीक्षण गर्न दिनु पर्नेछ तर कम्पनीले आफ्नो सूचना पाटीमा १५ दिन अगावै सूचना टाँस गरी एक वर्षमा पैतालीस दिनमा नबढाई एक पटकमा बढीमा तीस दिन सम्म दर्ता किताबको निरीक्षण बन्द गर्न सक्नेछ । | १७. **शेयरधनी तथा डिबेञ्चरवालाको दर्ता किताबको निरीक्षण:** शेयरधनी वा डिबेञ्चरवालाले कम्पनीको शेयर वा डिबेञ्चर दर्ता किताव निरीक्षण गर्न चाहेमा कम्पनीले निरीक्षण गर्न दिनु पर्नेछ ।<br>तर कम्पनीले आफ्नो सूचना पाटीमा ७ दिन अगावै सूचना टाँस गरी एक वर्षमा पैतालीस दिनमा नबढाई एक पटकमा बढीमा तीस दिन सम्म दर्ता किताबको निरीक्षण बन्द गर्न सक्नेछ । | नियमावलीको नियम १७ संशोधन गरि संचालक समितिको संख्या परिवर्तन गर्न आवश्यक भई वार्षिक साधारण सभाले सो सम्बन्धी विशेषप्रस्ताव पारित गरेकोले । |
| २७. **सञ्चालक समितिको गठन, संख्या र कार्यकाल:**<br>२) यस कम्पनीमा कम्तीमा १ (एक) जना महिला सहित ७ (सात) जनाको सञ्चालक समिति हुनेछ जसमा १ (एक) जना स्वतन्त्र सञ्चालक रहनेछन् । यस भित्र कम्तीमा १/१ जना संचालकहरु "ख" तथा "ग" समूहका शेयरधनीहरुबाट नियुक्त हुनेछन् । कम्पनीले सर्वसाधारणलाई शेयर जारी नगरेसम्मका | २७. **सञ्चालक समितिको गठन, संख्या र कार्यकाल:**<br>२) यस कम्पनीमा कम्तीमा १ (एक) जना महिला सहित ५ (पाँच) जनाको सञ्चालक समिति हुनेछ, जसमा १ (एक) जना स्वतन्त्र सञ्चालक रहनेछन् र यसभित्र कम्तीमा १ (एक) जना संचालक "ख" समूहका सर्वसाधारण शेयरधनीहरु मध्येबाट नियुक्त हुनेछन् । | नियमावलीको नियम २७ (२) मा संचालक संख्या घट्याउन आवश्यक हुन आएकोले तथा कम्पनीमा अब सर्वसाधारण शेयरधनी समेत कायम भई सकेको हुँदा । |

ASIAN Hydropower Ltd.

| | | |
|---|---|---|
| लागि “क” समूहका शेयरधनीहरुबाट नै संचालक समिति गठन हुनेछ । | | |
| **३१. <u>सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउने</u>:** यस कम्पनीको संचालक हरुका नियुक्त गर्दा २ (दुई) जना स्वतन्त्र संचालक र कम्तीमा १ (एक) जना महिला सहित बाँकी ९ (नौ) जना शेयरधनी संचालक नियुक्त गरिनेछ । यसरी शेयरधनी संचालक नियुक्त गर्दा कम्तीमा १/१ जना संचालक “ख” तथा “ग” समूहका शेयरधनीहरुबाट र बाँकी “क” समूहका शेयरधनीहरु बाट नियुक्त हुने गरि आवश्यक व्यवस्था गरिएकोछ । | **३१. <u>सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउने</u> :** यस कम्पनीको संचालकहरुका नियुक्त गर्दा १ (एक) जना स्वतन्त्र संचालक र कम्तीमा १ (एक) जना महिला सहित बाँकी ४ (छ) जना शेयरधनी संचालक नियुक्त गरिनेछ । यसरी शेयरधनी संचालक नियुक्त गर्दा सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व हुने गरि कम्तीमा १ (एक) जना संचालक “ख” समूहको तर्फबाट र बाँकी ३ (तीन) जना “क” समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व हुने गरि नियुक्त हुने आवश्यक व्यवस्था गरिएको छ । | संचालक समितिको संख्या घट्ने गरि संशोधन गरिएकोले आवश्यक भएको । |

**<u>विशेष प्रस्ताव २): माथि विशेष प्रस्ताव (१) (२) को प्रस्तावित संशोधनहरुमा नियमकारी निकायहरुबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जनका लागि निर्देशन वा सुझाव आएमा सोही बमोजिम गर्न गराउन संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।</u>**

माथि विशेष प्रस्ताव (१) (२) को प्रस्तावित प्रबन्ध पत्र तथा नियमावलीको संशोधनका सन्दर्भमा अपनाउनु पर्ने विधि प्रक्रिया पुरा गर्ने सम्बन्धमा तथा पछि यस विषयमा नियमकारी निकायहरुबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जनका लागि निर्देशन वा सुझाव आएमा सो समेत मिलाई प्रबन्ध पत्र तथा नियमावलीको सम्बन्धित दफा तथा नियमहरुको संशोधन गर्न आवश्यक गर्नुपर्ने अन्य सम्पूर्ण कार्यहरु गर्न गराउनका लागि कम्पनीको संचालक समितिलाई अधिकार प्रत्यायोजन गरि अख्तियारी दिने निर्णय सर्वसम्मतिले भयो ।

ग) **<u>समूह “ख” सर्वसाधारण शेयरधनी समूहबाट प्रतिनिधित्व हुने गरी संचालकको निर्वाचन गरिने ।</u>**

विषयसूची (ग) अन्तर्गत सभाध्यक्षज्यूले सर्वसाधारण शेयरधनी समूह “ख” तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने एकजना संचालकको निर्वाचन गर्ने प्रस्ताव सम्बन्धमा निर्वाचन अधिकृत अधिवक्ता रोशना गड्तौलाज्यूलाई निर्वाचन कार्यक्रम तथा परिमाण सभा समक्ष पेश गर्न अनुरोध गर्नुभए बमोजिम निर्वाचन अधिकृत श्री रोशना गड्तौलाले संचालक निर्वाचनका सम्बन्धमा भए गरेका निर्वाचन सम्बन्धी कार्यक्रमका सम्बन्धमा *सञ्चालकको निर्वाचन सम्बन्धी निर्देशिका २०८०* को नियम १५ बमोजिम सर्वसाधारण शेयरधनी समूह “ख” बाट सर्वसारधारण शेयरधनीको सम्बन्धमा निम्नबमोजिम निर्विरोध रुपमा संचालकको निर्वाचन गरिएको सभा समक्ष जानकारी गराउनु भयो ।

१) निर्वाचनका लागि प्रकाशित सुचना बमोजिम सर्वसाधारण शेयरधनीको तर्फबाट कम्पनीको संचालक समितिमा प्रतिनिधित्व गर्नुहुने संचालक पदमा जम्मा दुईजना शेयरधनीहरु श्री संस्कृति ईन्भेष्टमेन्ट प्रा.लि.का आधिकारिक प्रतिनिधि अमित कुमार साह तथा श्री शत्रुधन श्रेष्ठ गरी दुई जनाले आ-आफ्नो उम्मेदवारी सहित आवेदन दिनुभएको जानकारी मिति २०८०/०२/२५ तथा मिति २०८०/०२/२६ मा प्रकाशित गरिएको जानकारी गराउँदै २(दुई) जना उम्मेदवारहरुले उम्मेदवारी दिनुभएको भएता पनि कम्पनीको प्रतिष्ठा, ख्याति र शेयरधनीहरुको चाहना समेतलाई सम्मान गर्दै सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने संचालक जस्तो पवित्र पदमा सर्वसम्मत कायम गर्ने कुरामा सहमत भै आवेदक श्री शत्रुधन श्रेष्ठज्यूले निर्वाचन कार्यक्रम अन्तर्गतको उम्मेदवारले आफ्नो मनोनयन पत्र फिर्ता लिन तोकिएको अवधि भित्रै नै आफ्नो उम्मेदवारीबाट फिर्ता लिनु भई कम्पनीको *सञ्चालकको निर्वाचन सम्बन्धी निर्देशिका २०८०* को दफा १३(१)

ASIAN Hydropower Ltd.

अनुरुप निवेदन बुझाए पश्चात, सो निवेदन निर्वाचन अधिकृत समक्ष सहिछाप गरि उम्मेदवारीको मनोनयन फिर्ता लिनु भएको थियो ।

२) एकजना उम्मेदवारको मनोनयन फिर्ता भएपश्चात कम्पनीको *सञ्चालकको निर्वाचन सम्बन्धी निर्देशिका २०८०* को दफा ९(१) बमोजिम संचालक पदको लागि उम्मेदवार दिनेको संख्या निर्वाचित हुनुपर्ने पद संख्या भन्दा बढी नभएकाले संस्थागत शेयरधनी संस्कृति ईन्भेष्टमेन्ट प्रा.लि.का आधिकारिक प्रतिनिधि श्री अमित कुमार साह कम्पनीको संचालक समितिमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट निर्वाचित हुने पद संख्या १ (एक) को लागि निर्विरोध निर्वाचित हुनु भएको जानकारी सभा समक्ष गराउनुभयो ।

३) तत्पश्चात् निर्वाचन अधिकृतले जानकारी गराएबमोजिम सभाध्यक्षले संस्कृति ईन्भेष्टमेन्ट प्रा.लि.का आधिकारिक प्रतिनिधि अमित कुमार साहलाई सर्वसाधारण शेयरधनीको तर्फबाट संचालक पदमा निर्वाचित हुनुभएकोले उक्त प्रस्ताव बमोजिम संस्थागत शेयरधनी संस्कृति ईन्भेष्टमेन्ट प्रा.लि.का आधिकारिक प्रतिनिधि श्री अमित कुमार साह संचालकमा निर्वाचित भएको घोषणा गर्नुभयो । तत्पश्चात्, निर्वाचन अधिकृत अधिवक्ता रोशना गड्तौलाले नवनिर्वाचित संचालक श्री संस्कृति ईन्भेष्टमेन्ट प्रा.लि.का आधिकारिक प्रतिनिधि अमित कुमार साहलाई बधाई ज्ञापन गर्दै प्रमाणपत्र प्रदान गर्नुका साथै सपथ ग्रहण गराउनुभयो । तत्पश्चात् सभाध्यक्षज्यूले नवनिर्वाचित श्री संस्कृति ईन्भेष्टमेन्ट प्रा.लि.का आधिकारिक प्रतिनिधि संचालक श्री अमित कुमार साहलाई मञ्चमा आसन ग्रहण गराउनु भयो ।

घ) **विविधः**

**निर्णयः**

सभाका अध्यक्षज्यूले यस विषयमा कुनै प्रस्ताव नभएको जानकारी गराउनु भयो ।

१) **धन्यवाद ज्ञापनः**

छलफलको निमित्त राखिएका समान्य तथा विशेष प्रस्तावहरुमा सभाले निर्णय गर्ने कार्य सकिएपछि सभाका अध्यक्षज्यूले कम्पनीको उत्कृष्ट कार्यसम्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो र चौंथो वार्षिक साधारण सभामा सहभागी हुनु भई सभा सुचारु रूपले सञ्चालन गर्न र सफल पार्न सहयोग गर्नुभएकोमा सबै शेयरधनीहरू तथा निजका प्रतिनिधिहरुलाई सम्पूर्ण सहित शुभचिन्तकहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

२) **सभा बिसर्जनः**

अन्तमा दिउँसो १:०० बजे सभाका अध्यक्षज्यूले कम्पनीको चौथो वार्षिक साधारण सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।

ASIAN Hydropower Ltd.

| | |
|---|---|
| ............................ | ............................ |
| **शम्भु प्रसाद फयाल** | **सुमित्रा श्रेष्ठ** |
| **अध्यक्ष** | **कम्पनी सचिव** |